मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश

**मिति २०८०/०४/०३ गते बसेको ६० औ नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

मिति २०८०/०४/३ गते गतेका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगर कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा वैठक बसी तपसिल वमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १.नगर प्रमुख | श्री श्रवण कुमार यादव | -अध्यक्ष |
| २. नगर उप प्रमुख | श्री जिबछी देवी साह | -सदस्य |
| ३.वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो | -सदस्य |
| ४.वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ | -सदस्य |
| ५.वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव | -सदस्य |
| ६.वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह | -सदस्य |
| ७.वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह | -सदस्य |
| ८.वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ | -सदस्य |
| ९.वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही | -सदस्य |
| १०.वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव | -सदस्य |
| ११.वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल | -सदस्य |
| १२.वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह | -सदस्य |
| १३.वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप कुमार यादव | -सदस्य |
| १४.वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव | -सदस्य |
| १५.कार्यपालिका सदस्य | श्री विनोद प्रसाद महतो | -सदस्य |

| | | |
|---|---|---|
| १६. कार्यपालिका सदस्य | श्री रामवृक्ष महरा | -सदस्य |
| १७.कार्यपालिका सदस्य | श्री दिपेश कुमार सिंह | -सदस्य |
| १८.महिला कार्यपालिका सदस्य | श्री जरिना खातुन | -सदस्य |
| १९.महिला कार्यपालिका सदस्य | श्री अनिता देवी कापैर | -सदस्य |
| २०.महिला कार्यपालिका सदस्य | श्री आशा कुमारी यादव | -सदस्य |
| २१.महिला कार्यपालिका सदस्य | श्री निर्मला विश्वकर्मा | -सदस्य |
| २२.महिला कार्यपालिका सदस्य | श्री नरघिमा लामा | -सदस्य |
| २३.नि.प्रमुख प्रशासकीय अधिकृत | श्री विजय कुमार महतो | -सचिब |

**प्रस्ताब न.१.मिर्चैया नगरपालिका साक्षर घोषणा सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगर पलिकलाई साक्षर घोषणा कार्यक्रम सम्बन्धमा शिक्षा युवा तथा खेलकुद शाखाले कार्ययोजना बनाई साक्षार घोषणा सम्बन्धि सूचकको विवरण सहित एक हप्ता भित्र प्रत्येक वडामा पठाउने र साथै सो कार्ययोजना अनुसार शिक्षा शाखाको समन्वय तथा सहजीकरणमा प्रत्येक वडा समितिहरुले बैठकबाट कार्ययोजना बनाई कार्यक्रम संचालन गर्ने कार्यलाई अगाडी बढाउने निर्णय सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताब न.२.शैक्षिक गुणस्तर सुधार सम्बन्धमा ।**

निर्णय

मिर्चैया न.पा.को शैक्षिक गुणस्तर सुधारको पहिलो चरणमा विधालयहरु समयमै खुल्ने र बन्द हुने तथा शिक्षकहरुले कक्षामा पुरा समय सिकाई क्रियाकलापमा बिताउने व्यवस्थाको लागि वडा कार्यालयहरुले सक्रिय रुपमा सहयोग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताब न.३.संस्थागत विधालयको शुल्क र छात्रवृति सम्बन्धमा ।**

निर्णय

यस न.पा. भित्र संचालित संस्थागत बिद्यालयहरुको शुल्क र छात्रवृतिको वास्तविक अवस्था बुझन नगर प्रमुखको नेतृत्वमा संस्थागत बिद्यालयहरुको अनुगमन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव न.४. वादागत उत्कृष्ट विधालय छनौट सम्बन्धमा ।**

निर्णय

यस नगरपालिकाको नगर कार्यपालिकाले गरेको पुर्व निर्णय अनुसार आ-आफ्नो वडामा बनाउनु पर्ने एउटा एउटा उत्कृष्ट बिधालय यहि भाद्र १५ गते भित्र छनौट गरि शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.४.बिबिध**

निर्णय

यस मिचैमा नगरपालिकामा स्थायी बसोबास गर्ने आमा बुवा नभएको विपन्न तथा जेहान्दार विद्यार्थीहरुलाई कक्षा ११ र १२  सामुदायिक विद्यालयमा साधारण तर्फका घारमा अध्ययन गर्न नगरपालिकाले मुल्क उपलब्ध गराउने निर्णय गरियो ।